# थेबार्टन ओभल प्रेसिंट (Thebarton Oval Precinct)

## तथ्य पत्र #१: गुरु योजना सिंहावलोकन

नोभेम्बर २०२३

**थेबार्टन ओभल प्रेसिंट (हाता), टोरेन्सभिलको काउन्सिलको स्वामित्वमा रहेको जग्गामा एडिलेड फुटबल क्लबले नयाँ हेडक्वार्टर स्थापना गर्न चाहन्छ।**

**क्लबको गुरु योजनामा सामुदायिक फिडब्याक (प्रतिकृया) लाई ध्यानमा राखे पश्चात उक्त साइट (स्थान)को लागि क्लबलाई जग्गा ठेक्का (Lease) मा दिने कि नदिने भनी काउन्सिलले निर्णय गर्नेछ।**

**गुरु योजनाले कसरी समुदायका हितको मुख्य मुद्दाहरुलाई सम्बोधन गर्छ भनी प्रदान गर्ने सिंहावलोकनका श्रृंखलाहरु मध्ये यो तथ्य पत्र एक हो।**

**यी श्रृंखलाहरुमा, अन्य तथ्य पत्रहरु निम्नसङ्ग सम्बन्धित छन्:**

- **रुखहरु**
- **खुला स्थानमा सार्वजनिक पहुँच**
- **ट्राफिक र कार पार्किङ्ग**
- **सामुदायिक र आर्थिक लाभहरु**
- **स्थानीय प्रभावहरु।**

### हालको अवस्था

थेबार्टन ओभल प्रेसिंट (हाता) को जग्गा सिटी अफ वेष्ट टोरेन्सको स्वामित्वमा छ, र दुबै थेबार्टन ओभल र किङ्गस् रिजर्भ समावेश छन्।

अहिले, प्रेसिंटलाई काउन्सिलद्धारा व्यवस्थित सार्वजनिक खुला स्थान, र साउथ अष्ट्रेलियाली राष्ट्रिय फुटबल लिगलाई ठेक्कामा दिएको सामुदायिक र खेलकुद सुविधाहरुको रुपमा, र सामुदायिक खेलकुद र मनोरञ्जन समुहहरुद्धारा संयुक्तरुपमा प्रयोग गरिएको छ।

साउथ रोडको छेउँमा रहेको प्रेसिंटको भागलाई काउन्सिलबाट राज्य सरकारले रिभर टोरेन्स टु डार्लिङ्टन (River Torrens to Darlington) मोटरवे परियोजनाको लागि अधिग्रहण गरेको छ।

### एडिलेड फुटबल क्लब ठेक्का (लिस)

सन् २०२२ मा एडिलेड फुटबल क्लबले प्रेसिंटलाई ४२ बर्ष अवधिको लागि दीर्घकालिन ठेक्कामा लिन सिटी अफ वेष्ट टोरेन्सलाई सम्पर्क गरेको थियो।

ठेक्काको संभावना बारे काउन्सिलद्धारा गरिएको सार्वजनिक परामर्शले समुदायको कडा धारणाहरु देखायो।

प्रेसिंटको भविष्य बारे समुदायको हित बारेको प्रतिकृयामा, काउन्सिलका निर्वाचित सदस्यहरु र कर्मचारी, स्थानीय समुदाय र कउर्न फस्ट नेशन्स (Kaurna First Nations) प्रतिनिधिहरु, र एडिलेड फुटबल क्लबका प्रतिनिधिहरु सम्मिलित सल्लाहकार समूह स्थापना गरियो।

सन् २०२३ भरि यो समूहले निम्न सहमती जनाइएको डिजाइन उद्धेश्यहरुद्धारा निर्देशित गुरु योजनालाई परिष्कृत गर्न सहयोगको लागि भेला भएका थिए, अर्थात:

- काउन्सिलद्धारा तयार पारेको २०१८ किङ्गस् रिजर्भ गुरुयोजनाको भागहरु समावेश गर्न।
- उल्लेखनीय र नियमन गरिएको रुखहरु हटाउनमा कमी गर्न र हटाइएको कुनै रुखको सट्टामा ३ नयाँ रुखहरु रोप्न।
- दिनको उज्यालोको समयमा किङ्गस् रिजर्भ र थेबार्टन ओभलमा सार्वजनिक पहुँच बढाउन।
- दिनको उज्यालोको समयमा एडिलेड फुटबल क्लबले दुबै ओभलहरु एकै समयमा प्रयोग गर्नमा कमी गराउन।
- किङ्गस् रिजर्भमा काउन्सिलका सामुदायिक कार्यक्रमहरु र उत्सवहरु जारी राख्न।
- सार्वजनिक पहुँचको समयमा, किङ्गस् रिजर्भमा कुकुरको पहुँच र कुकुर हिंडाउनमा प्रतिबन्ध नलगाउन।
- खेलकुद मैदान बाहिर कृत्रिम घाँसहरु प्रयोग नगर्न।
- वरपरको आवासीय सडकहरुबाट प्रेसिंटमा सवारी साधनहरुको पहुँच कमी गर्न।
- सार्वजनिक कार पार्किङ्गको लागि योजना आवश्यकताहरु पूरा गर्न र खेलकुद प्रतियोगिता नहुने दिनहरुमा पार्किङ्ग नि:शुल्क र उपलब्ध गराउन।
- सुधारको रुपमा सबै एडिलेड फुटबल क्लब कर्पोरेट कार पार्किङ्ग उपलब्ध गराउन, साथै खेलकुद हुने दिनहरुको लागि अतिरिक्त अस्थायी पार्किङ्ग व्यवस्थापन गर्न।
- जहाँ संभव हुन्छ, विद्यमान सुविधाहरु भत्काउन वा बन्द गर्नु अघि प्रतिस्थापित सामुदायिक सुविधाहरु निर्माण गर्न वा खोल्न।
- कुनै पनि नयाँ सामुदायिक केन्द्रमा काउन्सिलको नियन्त्रण गराउन र त्यसमा एडिलेड फुटबल क्लबको नियन्त्रण नहुने गराउन।

यदि एडिलेड फुटबल क्लबलाई ठेक्कामा दिएमा कसरी प्रेसिंटलाई निर्माण गरिन्छ भनी तयार पारिने गुरु योजनाले देखाउँछ र अहिले सार्वजनिक फिडब्याक (प्रतिकृया)को लागि उपलब्ध छ।

**परामर्श ९ नोभेम्बरदेखि ७ डिसेम्बरसम्म खुला हुनेछ।**

yoursay.westtorrens.sa.gov.au/thebartonoval

City of West Torrens
Between the City and the Sea

### अर्को कदमहरु

१. ९ नोभेम्बरदेखि ७ डिसेम्बर २०२३ बिचमा काउन्सिलले थेबार्टन ओभल प्रेसिंटको लागि एडिलेड फुटबल क्लबको गुरु योजना बारे फिडब्याक खोजेको छ।

२. गुरु योजना र सार्वजनिक परामर्श मार्फत प्राप्त प्रतिकृयाहरुलाई काउन्सिलका निर्वाचित सदस्यहरुले ध्यानमा राख्नेछन् जसले एडिलेड फुटबल क्लबलाई थेबार्टन ओभल प्रेसिंट ठेक्कामा दिने कि नदिने भनी निर्णय गर्नेछ।

३. काउन्सिल र एडिलेड फुटबल क्लबबिचको ठेक्का सहमती अघि बढेमा, भविष्यमा प्रयोग हुने र प्रेसिंटको विकासको लागि डेभलोपमेन्ट निवेदन दर्ता गर्न आवश्यक छ र सम्बन्धित योजना अधिकृतद्धारा मुल्याङ्कन गरिन्छ।

### कसरी संलग्न हुने

**अनलाइन**

तथ्य पत्र, योजनाहरु, र डकुमेन्टहरु हेर्न र अनलाइन फिडब्याक फाराम भर्न, **yoursay.westtorrens.sa.gov.au/thebartonoval** मा जानुहोस्

**आफै उपस्थित भएर**

सामान्य खुला हुने समयमा निम्न प्रदर्शनीमा उपस्थित हुनुहोस्:

- थेबार्टन कम्युनिटी सेन्टर (Thebarton Community Centre), corner South Road and Ashwin Parade, Torrensville.
- हाम्रा सेन्टर लाइब्रेरी (Hamra Centre Library), 1 Brooker Terrace, Hilton.
- सिटि अफ वेष्ट टोरेन्स सिभिक सेन्टर (City of West Torrens Civic Centre), 165 Sir Donald Bradman Drive, Hilton.

### आफ्नो फिडब्याक कसरी दिने

**अनलाईन**

आफ्नो भनाइ राख्न र अनलाईन फिडब्याक फाराम भर्नको लागि दर्ता गर्न, **yoursay.westtorrens.sa.gov.au/thebartonoval** मा जानुहोस्

**इमेल**

लिखित सबमिसन तयार गर्नुहोस् वा फिडब्याक फाराम डाउनलोड गरेर भर्नुहोस् र 'Thebarton Oval Precinct' शीर्षक राखेर **yoursay@wtcc.sa.gov.au** इमेलमा तपाईंको सबमिसन पठाउनुहोस्।

**हुलाक**

लिखित सबमिसन तयार गर्नुहोस् वा फिडब्याक फाराम डाउनलोड गरेर भर्नुहोस् र निम्न ठेगानामा हुलाकद्धारा पठाउनुहोस्:

Thebarton Oval Precinct
City of West Torrens
165 Sir Donald Bradman Drive
Hilton SA 5033

**आफै उपस्थित भएर**

योजनाहरु र जानकारी हेर्न अनलाइन वा कागजमा लेखेर दिइने फिडब्याक फाराम भर्नलाई सहयता प्राप्त गर्न ड्रप इन सेसन (विवरणहरु तल छन्) मा सहभागी हुनुहोस्:

| कहाँ | कहिले |
|---|---|
| थेबार्टन कम्युनिटी सेन्टर (Thebarton Community Centre), corner South Road and Ashwin Parade, Torrensville. | मङ्गलबार १४ नोभेम्बर, बिहान ११ देखि दिउँसो १ बजेसम्म।<br>मङ्गलबार १४ नोभेम्बर, साँझ ६ देखि ८ बजेसम्म।<br>आइतबार २६ नोभेम्बर, बिहान १० देखि दिउँसो १ बजेसम्म। |
| हाम्रा सेन्टर लाइब्रेरी (Hamra Centre Library Auditorium) 1 Brooker Terrace, Hilton. | बुधबार २९ नोभेम्बर, बिहान ११ देखि दिउँसो १ बजेसम्म।<br>बुधबार २९ नोभेम्बर, साँझ ६ देखि ८ बजेसम्म। |

फिडब्याक प्रदान गर्न यदि तपाईंलाई सहायता चाहिन्छ भने, कार्यालय खुला हुने समयमा काउन्सिलको ८४१६ ६३३३ मा फोन गर्नुहोस्।

तपाईंको भनाइ (Your Say) ...

**बिहिबार ७ डिसेम्बर २०२३ साँझ ५ बजेभित्र आफ्नो फिडब्याक प्रदान गर्नुहोस्**

yoursay.westtorrens.sa.gov.au/thebartonoval
फोन: ८४१६ ६३३३ / इमेल: yoursay@wtcc.sa.gov.au

Nepali
नेपाली

# परामर्श ९ नोभेम्बरदेखि ७ डिसेम्बरसम्म खुला हुनेछ।

yoursay.westtorrens.sa.gov.au/thebartonoval

City of West Torrens
Between the City and the Sea




**व्याखा (Legend)**

- प्रस्तावित ठेक्कामा दिने (लिस) सीमाना
- राख्नु पर्ने नियमन गरिएको र उल्लेखनीय रुखहरु
- हटाउनु पर्ने नियमन गरिएको र उल्लेखनीय रुखहरु
- रिभर टोरेन्स टु डार्लिङ्टन मोटरवे परियोजनाको लागि राज्य सरकारले अधिग्रहण गरेको जग्गा।

1. **थेबार्टन ओभल:**
एडिलेड फुटबल क्लब र सामुदायिक प्रयोगको लागि साझा गर्ने गरी पूर्ण आकारको अष्ट्रेलियन फुटबल लिग ओभल।

2. **किङ्गस् रिजर्भ ओभल:**
खेलकुद हुने दिनमा ४२५ अस्थायी कार पार्किङ्ग ठाउँको लागि प्रयोग गर्न एडिलेड फुटबल क्लब र सामुदायिक प्रयोगको लागि साझा गर्ने गरी तालिम दिइने ओभल।

3. **किङ्गस् रिजर्भ सामुदायिक स्थान:**
एडिलेड फुटबल क्लबको ठेक्कामा नसमेटिएको यो क्षेत्र सामुदायिक प्रयोगको लागि छुट्याइने छ। नयाँ निर्माण गरिएको किङ्गस् रिजर्भ कम्युनिटी रिफरेन्स ग्रुपबाट अतिरिक्त इनपुटसहित सन् २०१८ देखि त्यस क्षेत्रलाई अपग्रेड गराउन अघि बढाउने योजनाहरु छन्।

4. **तालिम र प्रशासनिक सुविधाहरु:**
भित्री र अक्वाटिक तालिम सुविधाहरु, खुद्रा पसल, क्याफे, कार्यक्रम गर्ने क्षेत्र, र म्युजियम लगायत एडिलेड फुटबल क्लबको हेडक्वार्टर्स।
१-तले, २-तले र ३-तले उचाइ भएका भवनहरु समावेश छन्।

5. **स्थानीय सम्पदा ग्राण्डस्ट्यान्ड:**
राखिराख्ने र मर्मत गरिने।

6. **राज्य सम्पदा टिकट बुथ/गेटहरु:**
राखिराख्ने र मर्मत गरिने।

7. **एडिलेड फुटबल क्लब कार पार्किङ्ग:**
जम्मा १६० स्थानहरु क्लब प्रयोगको लागि छुट्याइएको, १३६ स्थान साउथ रोड मार्फत पहुँचयोग्य, र २४ स्थान एशली स्ट्रिट मार्फत पहुँचयोग्य।

8. **सार्वजनिक कार पार्किङ्ग:**
जम्मा ९१ खालि ठाउँहरु सबैको लागि खुला, ५० खालि ठाउँहरु साउथ रोड मार्फत पहुँचयोग्य, र ४१ खालि ठाउँहरु एशली स्ट्रिट मार्फत पहुँचयोग्य।

9. **प्लाजामा सार्वजनिक प्रवेश:**
साउथ रोड मार्फत पहुँच गर्न सकिने।

10. **अवलोकन गर्ने घाँसे ढिस्को:**
एशली स्ट्रिटमा दर्शक बस्ने र बफर (Buffer)

11. **फेर्ने कोठाहर र ब्रोडकास्टिङ्ग:**
१-तले र २-तले भागहरु भवनमा समावेश छन्।

एडिलेड फुटबल क्लबद्धारा प्रयोग नगरेको वा निर्धारित कार्यक्रम नभएको समयमा दुवै ओभलहरु सार्वजनिक प्रयोगको लागि उपलब्ध हुनेछन्।

प्रत्येक बर्ष औसतरुपमा बढिमा १०० घण्टा यी ओभलहरु प्रयोगको लागि विशेषरुपमा एडिलेड फुटबल क्लब अधिकारप्राप्त हुनेछ।

प्रयोग गरिने समय ६ महिना अघि नै निर्धारण गरिन्छ, र यो जानकारी सबैको लागि उपलब्ध गराइन्छ।

यो तथ्य पत्र थेबार्टन ओभल प्रेसिंट गुरु योजनाले कसरी समुदायका हितको मुख्य मुद्दाहरुलाई सम्बोधन गर्छ भनी प्रदान गर्ने सिंहावलोकनका श्रृंखलाहरु मध्ये एक हो।

प्रत्येक निम्न शीर्षकहरुमा थप विस्तृत तथ्य पत्रहरु चाहिएमा परियोजनाको पृष्ठ **yoursay.westtorrens.sa.gov.au/thebartonoval** मा जानुहोस्:

- रुखहरु
- खुला स्थानमा सार्बजनिक पहुँच
- ट्राफिक र कार पार्किङ्ग
- सामुदायिक र आर्थिक लाभहरु
- स्थानीय प्रभावहरु।

नोट:

प्रत्येक उल्लेखनीय र नियमन गरिएको रुखहरु हटाउनको लागि, प्रेसिंटमा ३ नयाँ हुर्किएको रुखहरु रोपिने छन्।

उल्लेखनीय र नियमन गरिएको रुखहरु त्यस्ता रुखहरु हुन् जसले राज्य योजना कानून अन्तर्गत संरक्षणको लागि निश्चित प्रावधानहरु पालना गर्छ। यी रुखहरुलाई क्षति गर्ने वा हटाउने कृयाकलापहरुको लागि डेभलोपमेन्ट अनुमती चाहिन्छ।